लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## उत्पादनमूलक, उपभोक्ता, श्रम, सेवामूलक सहकारी मार्फत नवप्रवर्तन कार्यक्रम र प्रविधिमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

मितिः २०८१/१०/२२ गते मा. मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत

**प्रस्तावना:** लुम्बिनी प्रदेशको आर्थिक विकासमा सहकारी क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ। कृषि, वन, उद्योग, खानीजन्य, प्रशोधनजन्य उपजको आयात प्रतिस्थापन गर्न आत्मनिर्भर उन्मुख उद्यममा आधुनिकीकरण, यान्त्रिकीकरण र व्यावसायीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्दै रोजगारीका अवसरहरु सृजना गर्न उपलब्ध उत्पादन स्रोत साधनको उपयोग गर्दै उद्यमलाई तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि आवश्यक रहेको छ।

सोही सन्दर्भमा लुम्बिनी प्रदेश, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले प्रत्येक आर्थिक वर्षमा स्वीकृत वार्षिक कार्यक्रम सञ्चालन गर्दै आएकोले आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम **"उत्पादनमुलक, उपभोक्ता, श्रम, सेवामुलक सहकारी मार्फत नवप्रवर्तन कार्यक्रम र प्रविधिमा सहयोग कार्यक्रम"** लाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा सञ्चालन गर्न लुम्बिनी प्रदेशको विनियोजन ऐन, २०८१ को दफा १० को उपदफा (२) बमोजिम लुम्बिनी प्रदेश, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :- (१) यस कार्यविधिको नाम "उत्पादनमूलक, उपभोक्ता, श्रम, सेवामूलक सहकारी मार्फत नवप्रवर्तन कार्यक्रम र प्रविधिमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) **"आयोजना"** भन्नाले यस कार्यविधि बमोजिम सहकारी संघ वा संस्था आफैले सञ्चालन गर्दै आएको वा आफैले सञ्चालन गर्ने गरी संस्थाले प्रस्ताव गरेका कार्यक्रम, व्यवसायिक योजना वा आयोजना सम्झनुपर्छ।

(ख) **"उत्पादनमूलक, उपभोक्ता, श्रम, सेवामूलक सहकारी"** भन्नाले उत्पादन, प्रशोधन एवं बजारीकरणमा क्रियाशिल रहेका बचत तथा ऋण सहकारी संस्था बाहेकका सहकारी संघ/संस्थाहरू भन्ने सम्झनुपर्छ।

(ग) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएको उत्पादनमूलक, उपभोक्ता, श्रम, सेवामूलक सहकारी मार्फत नवप्रवर्तन कार्यक्रम र प्रविधिमा सहयोग कार्यक्रमलाई सम्झनुपर्छ।

(घ) **"कृषि उपज"** भन्नाले कृषकले नेपालमा उत्पादन गरेका वस्तु तथा त्यसरी उत्पादित वस्तुको प्रारम्भिक रूपमा प्रशोधन गरिएका खाद्यान्न बाली, फलफूल, तरकारी, मसलाबाली, पुष्प (फूल), पशुपन्छी, माछा, मासु, दूध, अण्डा, हाड, छाला, ऊन, च्याउ, मौरी, रेशम, चिया, कफी, अलैंची, सुपारी, घाँसेबाली, तेलहन, दलहन, कपास, जुट, उखु, रबर लगायत कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन सम्झनुपर्छ र सो शब्दले औद्योगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा वस्तु समेतलाई जनाउँछ।

(ङ) **"नवप्रवर्तन कार्यक्रम र प्रविधिमा सहयोग कार्यक्रम"** भन्नाले नविनतम सोच, नविनतम अवधारणा, नविनतम प्रविधिका माध्यमबाट भिन्न तरिकाले गरिने कार्यलाई सम्झनु पर्छ। यस शब्दले आर्थिक



सचिव

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

विकास र रोजगारीका अवसर वृद्धि गर्न ल्याइने नयाँ प्रविधि, नयाँ ज्ञान, विधि, तौरतरिका, सीप, अवधारणा, सिर्जनशील क्रियाकलापलाई समेत जनाउँछ।

(च) **"नियामक निकाय"** भन्नाले प्रचलित कानून बमोजिम सहकारी संस्थाको नियमन गर्ने अधिकार प्राप्त नेपाल सरकारका निकाय वा सहकारी विभाग, प्रदेश मन्त्रालय वा प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालय र स्थानीय तहलाई सम्झनुपर्छ।

(छ) **"पूर्ण रोजगारी"** भन्नाले वर्षमा २०८० घण्टाको कामलाई सम्झनुपर्छ।

(ज) **"फरफारक"** भन्नाले कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवार निकायले कार्यक्रम सम्पन्न भएपछि सो कार्यक्रमको भविष्यमा कुनै दायित्व र जिम्मेवारी नरहेको निश्चित गरी अभिलेखिकरण गर्ने कार्य सम्झनुपर्छ।

(झ) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकारको सहकारी क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ञ) **"विनियम"** भन्नाले सम्बन्धित सहकारी संघ/संस्थाको विनियम सम्झनुपर्छ।

(ट) **"विशिष्टिकृत संघ"** भन्नाले प्रचलित सहकारी सम्बन्धी कानुन बमोजिम दर्ता भएका विशिष्टिकृत सहकारी संघलाई सम्झनुपर्छ।

(ठ) **"वैदेशिक बजारीकरण"** भन्नाले उत्पादनको ५ प्रतिशत भन्दा वढी विदेश निर्यातलाई सम्झनुपर्छ।

(ड) **"संस्था"** भन्नाले प्रचलित सहकारी कानुन बमोजिम गठन भई दर्ता भएको प्रारम्भिक सहकारी संस्था वा संघ सम्झनुपर्छ।

(ढ) **"सीमान्तकृत समुदाय"** भन्नाले प्रदेशभित्रका राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि परेका/पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका कानुन बमोजिम औसत मानव विकासको सुचकाङ्कको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनुपर्छ र सो शब्दले अति सीमान्तकृत र लोपोन्मुख समुदाय समेत जनाउँछ।

(ण) **"सेवाग्राही"** भन्नाले यस कार्यविधि बमोजिम कार्यक्रमको लागि प्रक्रिया पूरा गरी कार्यक्रम प्राप्त गर्न योग्य ठहर भएका सहकारी संघ/संस्थालाई सम्झनुपर्छ।

(त) **"स्थानीय तह"** भन्नाले प्रदेश भित्रका उप-महानगरपालिका वा नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ।

## परिच्छेद -२

## मुख्य प्राथमिकता क्षेत्र

३. **मुख्य प्राथमिकता क्षेत्रः-** (१) नवप्रवर्तन र प्रविधिमा सहयोग कार्यक्रममा देहायका प्राथमिकता क्षेत्र रहेका छनः-

(क) नयाँ आविष्कार, नवीनतम प्रविधि, तुलनात्मक लाभ, अनुकूलता र सिर्जनशील तरिका अपनाई रोजगारी सिर्जना गर्ने व्यवसाय,

(ख) प्रविधि विस्तार हस्तान्तरण सफल अवधारणा अनुशरण र प्रदर्शन,

(ग) वस्तु प्रवर्द्धन आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन।

२०८१/१०/२९
सचिव

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी)

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

## परिच्छेदः-३

## कार्यक्रमको क्रियाकलाप मापदण्ड र खर्च सीमा

४. **कार्यक्रमको क्रियाकलापहरु, मापदण्ड र खर्चको सीमा देहाय बमोजिम हुनेछनः-**

| क्र. स. | कार्यक्रम | क्रियाकलाप | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| १ | उत्पादनमुलक, उपभोक्ता, श्रम, सेवामुलक सहकारी मार्फत नवप्रवर्तन कार्यक्रम र प्रविधिमा सहयोग कार्यक्रम | • सहकारी संघ /संस्थाहरु मार्फत नवप्रवर्तन र प्रविधि विस्तारका लागि आवश्यक पर्ने उत्पादन, प्रशोधन र बजारीकरणसँग सम्बन्धित मेसिन, औजार, उपकरण तथा सामग्रीहरु खरिद । | • सहकारी संघ/संस्थाले आफैले सञ्चालन गर्दै आएको पुरानो व्यवसाय वा आफैले सञ्चालन गर्ने नवप्रवर्तन तथा प्रविधि विस्तारसँग सम्बन्धित व्यवसाय सञ्चालन गर्नुपर्ने,<br>• दर्ता भएको मितिले २ वर्ष पुगेका बचत तथा ऋण बाहेकका सहकारी संघ/संस्थाहरु हुनुपर्ने,<br>• कानूनले तोकेको समयावधिभित्र बार्षिक लेखापरीक्षण र साधारण सभा सम्पन्न गरेको हुनुपर्ने,<br>• संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिले आयोजना सञ्चालन गर्ने निर्णय गरेको प्रमाणित प्रतिलिपि पेश हुनुपर्ने,<br>• सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको समयमै निर्वाचन गरेको प्रमाणको प्रमाणित प्रतिलिपि पेश हुनुपर्ने,<br>• संस्थाको उद्देश्य र कार्यक्षेत्र प्रस्तावित आयोजनासँग मेल खाएको हुनुपर्ने,<br>• कानूनी रुपमा समस्याग्रस्त नभएका वा कालो सूचीमा नरहेको सहकारी संघ/संस्था हुनपर्ने,<br>• मन्त्रालयबाट कार्यक्रम प्राप्त गर्दा नेपाल सरकार, स्थानीय तह वा अन्य निकायबाट सोही क्रियाकलापका लागि अनुदान प्राप्त नगरेको स्वःघोषणा पत्र सहकारी संघ/संस्थाले पेश गर्नुपर्ने। तर व्यवसाय विस्तार गर्ने क्रियाकलापको हकमा भने अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन। | • सहकारी संघ/संस्थाले प्रस्ताव गरेको आयोजनाको कुल रकमको ५० प्रतिशत वा न्यूनतम १(एक) लाखदेखि अधिकतम ५ (पाँच) लाख सम्ममा जुन कम हुन्छ सो रकम प्रदान गरिने<br>तर<br>विशिष्टकृत संघले प्रस्ताव गरेको नवप्रवर्तन व्यवसायको हकमा ५० प्रतिशत वा अधिकतम २० (बीस) लाख सम्ममा जुन कम हुन्छ सो रकम प्रदान गरिने।<br>• संस्थाले बेहोर्ने लागत साझेदारीको रकम संघ/संस्थाको शेयर पुँजी वा जगेडा कोषबाट नै उपयोग गर्नुपर्नेछ। |

सचिव

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## परिच्छेद-४

## कार्यक्रम सञ्चालन गर्न सकिने व्यवसायका क्षेत्र

५. **उत्पादनमुलक उपभोक्ता श्रम सेवामुलक सहकारी मार्फत नवप्रवर्तन कार्यक्रम र प्रविधिमा सहयोग कार्यक्रमः**

(१) उत्पादनमूलक उपभोक्ता श्रम सेवामूलक सहकारी मार्फत नवप्रवर्तन कार्यक्रम र प्रविधिमा सहयोग कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछः-

(२) उपदफा (१) बमोजिमका कार्यक्रममा देहायका प्रकृतिका क्रियाकलाप तथा उद्यम सञ्चालन गर्न सकिनेछः-

(क) प्राकृतिक स्रोत, माटो, पानी, खानीजन्य स्रोतमा आधारित,

(ख) वन पैदावार, जडिबुटी र स्याउला पत्करमा आधारित,

(ग) बेत, बाँस, जरा, ठूटा, केरा,पात, प्राकृतिक रेशामा आधारित,

(घ) कपडा, मैन, साबुन, धुप, अगरबत्ती, सैम्फू, गाजल, टिका, माला, चुरा सामग्री उत्पादनमा आधारित,

(ङ) पशु उत्पादनसँग सम्बन्धित डेरी पशल सुधार तथा स्तरोन्नती, रौं/ऊन तथा प्वाँख प्रशोधन, मासु, प्राङ्गारिक मल, हाडखोर र छालामा आधारित,

(च) फोटोफ्रेम, सीसा, धातु, तामा, फलाम र पित्तलका भाँडाकुडा उत्पादन गर्ने, कवाडी र पुराना वस्तु सङ्कलन एवं प्रशोधनमा आधारित,

(छ) गरगहना, घरायसी औजार उत्पादनमा आधारित,

(ज) हलो, जुवा, हरिश, कुटो, दाँते, फाली, कोदालो, सावेल जस्ता कृषि उत्पादनमा उपयोग हुने औजारको उत्पादनमा आधारित

(झ) गुन्द्रुक, अचार, घट्ट, कुटानी पिसानी तथा खाद्य/तेल मिलमा आधारित,

(ञ) कृषि र खाद्यवस्तुको प्रशोधन तथा विविधिकरण, उत्पादन तथा स्वाद गुणस्तर वृद्धि गर्ने, मिश्रण र प्याकेजिङ्ग तथा बजारीकरणमा आधारित,

(ट) फोहोरजन्य पदार्थ प्रशोधन गरी मल, इन्धन उत्पादनमा आधारित,

(३) मन्त्रालयले कार्यक्रम सञ्चालन गराउँदा देहायका विषयहरूलाई आधार लिनु पर्नेछः-

(क) स्थानीय स्रोत साधन र जनशक्तिको परिचालन,

(ख) स्थानीय कच्चा पदार्थको प्रयोग, प्रशोधन र स्थानीय उत्पादनको अधिकतम मूल्यलाई प्रश्रय दिने,

(ग) स्थानीयस्तरमा अत्यधिक माग रहेको वस्तुको कच्चा पदार्थ बाहिरबाट प्राप्त गरी प्रशोधन गरी अधिकतम मूल्य प्रदान गर्ने,

(घ) स्थानीय माग र आवश्यकताका आधारमा उद्योग स्थापना वा प्रवर्द्धन हुने,

(ङ) स्थापना गरिने लघु तथा घरेलु उद्योगमा आधारित स्थानीय कच्चा पदार्थ, बजार र जनशक्तिको उपयोगसँग सामन्जस्यता कायम हुने,

(च) मोडेल (नमूना) लघु तथा घरेलु उद्योगको रूपमा प्रदर्शनस्थल योगय हुन सक्ने,



सचिव

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(४) यस दफा बमोजिम उद्यम स्थापना तथा सञ्चालन गर्दा त्यस्तो उद्यमको लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट पूर्व स्वीकृति/अनुमति लिनुपर्ने भएमा सोको पूर्व स्वीकृति/अनुमति सम्बन्धित सहकारी संस्थाले लिनु पर्नेछ।

## परिच्छेद -५

## कार्यक्रम प्रदान गर्ने विधि तथा प्रक्रिया

६. **प्रस्ताव आह्वानको सूचना प्रकाशन गरिने** :- (१) मन्त्रालयले यस कार्यविधि बमोजिमका कार्यक्रमको कम्तीमा १५( पन्ध्र) दिनको अवधि दिई अनुसूची-१ बमोजिमको प्रस्ताव आह्वानको सूचना राष्ट्रिय दैनिक पत्रिका र मन्त्रालयको वेवसाइटमा प्रकाशन गर्नुपर्नेछ।

७. **प्रस्ताव पेश गर्नुपर्ने** :- (१) यस कार्यविधि बमोजिम कार्यक्रम प्राप्त गर्न चाहने संस्थाले अनुसूची-२ बमोजिमको निवेदनको ढाँचा, अनुसूची-३ बमोजिमको प्रस्ताव -पत्रको ढाँचामा प्रस्तावना तयार गरी दफा, ६ बमोजिम तोकिएको अवधिमा र शर्तहरुको अधिनमा रही मन्त्रालय वा मन्त्रालयले तोकेको निकायमा सिलबन्दी प्रस्ताव पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र र अनुसूची- ५ बमोजिमको स्वघोषणा- पत्र समेत पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम मन्त्रालयले तोकेका निकाय/कार्यालयमा पेश भएका प्रस्तावहरु सो निकायले दर्ता पञ्जिका तयार गरी खाममा नै दर्ता नम्बर उल्लेख गरी प्रस्ताव पेश गर्ने अवधि समाप्त भएको मितिले ७ दिन भित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

८. **प्रस्ताव मूल्याङ्कन तथा छनोट:-** (१) पेश भएका प्रस्तावहरुको कार्यक्रम मूल्याङ्कन समितिबाट प्रारम्भिक मूल्याङ्कन, स्थलगत अनुगमन र अनुसूची-६ बमोजिमको मूल्याङ्कन सूचकका आधारमा अन्तिम मूल्याङ्कन गरी/गराई कार्यक्रम व्यवस्थापन समिति समक्ष प्रस्ताव छनोटका लागि पेश गर्ने र व्यवस्थापन समितिले प्रस्ताव छनोटको लागि स्वीकृत गर्ने।

(२) प्रस्ताव मूल्याङ्कनको क्रममा झुटा विवरण पेश भएको वा संवेदनशील विषयको मापदण्ड पूरा नगरेको पाइएमा त्यस्ता प्रस्तावलाई छनोट प्रक्रियामा समावेश गराइनेछैन।

९. **दावी विरोधको सूचना प्रकाशन गरिने** :-(१) कार्यक्रम व्यवस्थापन समितिले प्रस्ताव स्वीकृत गरेपछि मन्त्रालयले सेवाग्राहीलाई स्वीकृत प्रस्ताव सूची सहित ७ दिनको दावी विरोधको सूचना मन्त्रालयको वेभसाइटमा प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको दावी विरोध औचित्यसम्वन्धी आवश्यक कारवाही कार्यक्रम व्यवस्थापन समितिले गर्नेछ ।

१०. **सम्झौता सम्बन्धी व्यवस्था** :-(१) दफा-९ बमोजिम दावी विरोधको सूचना बमोजिम कुनै दावी विरोध नपरेका सहकारी संघ/संस्थाहरुलाई मन्त्रालयले ७ दिनको समयावधी दिई सम्झौता गर्नका लागि सूचना दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम समयावधी भित्र प्रस्तावदातासँग मन्त्रालयले अनुसूची-७ बमोजिम सम्झौता गर्नुपर्नेछ र मन्त्रालयले कार्यक्रमको प्रकृतिको आधारमा सम्झौताका शर्तहरू थपघट र हेरफेर गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको समयावधिभित्र सम्झौता गर्न नआउने प्रस्तावदातासँग सम्झौता गरिने छैन र प्राथमिकता क्रममा रहेका अन्य प्रस्तावदातालाई उपदफा (१) बमोजिमको समय दिई सम्झौता गरिनेछ।



सचिव

तर काबु बाहिरको कुनै विशेष अवस्था परी उक्त म्याद भित्र सम्झौता गर्न आउन नसकेको भनी प्रमाण पेश गरेमा म्याद नाघेको ७ दिनभित्र सम्झौता गर्न बाधा पर्ने छैन।

११. **कार्य प्रारम्भ गर्नुपर्नेः** (१) दफा १० बमोजिम सम्झौता गरेको १५ दिनभित्र सम्बन्धित सहकारी संघ/संस्थाहरुले सम्झौता बमोजिमको कार्य प्रारम्भ गरिसक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य प्रारम्भ भएपछि सोको जानकारी मन्त्रालयलाई दिनुपर्नेछ।

## परिच्छेद–६

## समिति सम्बन्धी व्यवस्था

१२. **निर्देशक समितिः** (१) उत्पादनमूलक उपभोक्ता श्रम सेवामूलक सहकारी मार्फत नवप्रवर्तन कार्यक्रम र प्रविधिमा सहयोग कार्यक्रममा आवश्यक नीतिगत निर्णय तथा निर्देशनका लागि मन्त्रालयमा देहाय बमोजिम निर्देशक समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | मन्त्री, मन्त्रालय | संयोजक |
| (ख) | कार्यकारी उपाध्यक्ष, प्रदेश सहकारी विकास वोर्ड | सदस्य |
| (ग) | सचिव, मन्त्रालय | सदस्य सचिव |

(२) निर्देशक समितिले आवश्यकतानुसार सहकारी क्षेत्रका विज्ञ कर्मचारी वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) निर्देशक समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक नीतिगत निर्णय गर्ने,

(ख) कार्यक्रम सञ्चालन सम्बन्धमा कार्यक्रम व्यवस्थापन समितिलाई आवश्यक निर्देशन प्रदान गर्ने,

(ग) कार्यक्रम सम्बन्धमा बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने ।

१३. **कार्यक्रम व्यवस्थापन समितिः** (१) मूल्याङ्कन समितिबाट पेश भएका प्रस्तावको पुनरावलोकन गरी स्वीकृतिको लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | संयोजक |
| (ख) | दर्ता अधिकारी, सहकारी दर्ता अधिकारीको कार्यालय | सदस्य |
| (ग) | प्रमुख,योजना तथा अनुगमन महाशाखा, मन्त्रालय | सदस्य |
| (घ) | प्रमुख, प्रशासन तथा सहकारी महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(२) समितिले सहकारी सम्बन्धी विषयको विज्ञ कर्मचारी वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठंक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) कार्यक्रम व्यवस्थापन समितिका काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम मूल्याङ्कन समितिबाट प्रारम्भिक मूल्याङ्कन भई प्राप्त प्रस्तावहरुको अनुमोदन गर्ने,

(ख) प्रारम्भिक मूल्याङ्कनबाट योग्य भएका प्रस्तावहरुको स्थलगत अनुगमनका लागि मूल्याङ्कन समितिको सिफारिसमा अनुगमन टोली गठन गर्न सक्नेछ,

(ग) कार्यक्रम मूल्याङ्कन समितिबाट अन्तिम मूल्याङ्कन भई सिफारिस भई आएका प्रस्तावहरुको प्राथमिकता क्रमका आधारमा छनोटका लागि स्वीकृत गर्ने वा पुनः मूल्याङ्कनको लागि कार्यक्रम मूल्याङ्कन समिति समक्ष पठाउन सकिने,

(घ) कार्यक्रम सञ्चालन सम्बन्धमा बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउनको लागि निर्देशक समिति समक्ष सिफारिस गर्ने,

(ङ) निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने।

१४. <u>कार्यक्रम मूल्याङ्कन समितिः</u> (१) पेश भएका प्रस्तावहरुको मूल्याङ्कन गरी कार्यक्रम व्यवस्थापन समिति समक्ष सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रमुख, प्रशासन तथा सहकारी विकास महाशाखा, मन्त्रालय | संयोजक |
| (ख) प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय | सदस्य |
| (ग) अधिकृत, योजना तथा जनशक्ति शाखा, मन्त्रालय | सदस्य |
| (घ) कानून अधिकृत, मन्त्रालय | सदस्य |
| (ङ) अधिकृत प्रतिनिधि सहकारी दर्ता अधिकारीको कार्यालय | सदस्य |
| (च) दर्तावाल मेकानिकल इन्जिनियर | सदस्य |
| (छ) सहकारी हेर्ने शाखा प्रमुख, मन्त्रालय | सदस्य-सचिव |

(२) मूल्याङ्कन समितिले आवश्यकताअनुसार कुनै सहकारी क्षेत्रको विज्ञ कर्मचारी वा पदाधिकारी वा नवप्रवर्तक प्रविधिसँग सम्बन्धित विषयको प्राविधिकलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) मूल्याङ्कन समितिका काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) पेश भएका प्रस्तावहरुको **प्रारम्भिक मूल्याङ्कन** गरी व्यवस्थापन समिति समक्ष पेश गर्ने,

(ख) प्रारम्भिक मूल्याङ्कन पश्चात योग्य भएका प्रस्तावहरुको स्थलगत अनुगमन गर्ने वा अनुगमन टोली गठन गरी कार्यक्रम व्यवस्थापन समिति समक्ष पेश गर्ने,

(ग) स्थलगत अनुगमनबाट प्राप्त प्रतिवेदन र प्रस्तावहरुको मूल्याङ्कन गरी छनोटका लागि कार्यक्रम व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने,

(घ) कार्यक्रम व्यवस्थापन समितिले तोकेका अन्य कार्य गर्ने।

१५. <u>अनुगमन समितिः</u> (१) सञ्चालित क्रियाकलापको कार्यसम्पन्न पश्चात भुक्तानी प्रयोजनार्थ स्थलगत अनुगमन गरी मन्त्रालय समक्ष भुक्तानीका लागि सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको अनुगमन समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रमुख, प्रशासन तथा सहकारी विकास महाशाखा, मन्त्रालय | संयोजक |
| (ख) अधिकृत प्रतिनिधि,सहकारी दर्ता अधिकारीको कार्यालय | सदस्य |
| (ग) दर्तावाल मेकानिकल इन्जिनियर | सदस्य |
| (घ) सहकारी हेर्ने शाखा प्रमुख, मन्त्रालय | सदस्य-सचिव |

(२) अनुगमन समितिले आवश्यकता अनुसार कुनै सहकारी क्षेत्रको विज्ञ कर्मचारी वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि अनुगमन समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) अनुगमन समितिका काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनका लागि योग्य भएका सहकारी संघ/संस्थाले सम्झौता बमोजिम कार्य सम्पन्न गरी भुक्तानीका लागि मन्त्रालयमा निवेदन पेश गरे पश्चात अनुगमन समितिले आयोजना स्थलको स्थलगत अनुगमन गर्ने,

(ख) आयोजना अन्तर्गत स्वीकृत स्पेशिफिकेसन बमोजिम खरिद भएका मेशिनरी, औजार उपकरणको जडान र सञ्चालनको स्थिति एकिन गरी निरीक्षण/प्राविधिक प्रतिवेदन सहित भुक्तानी प्रयोजनार्थ मन्त्रालय समक्ष भुक्तानी सिफारिस गर्ने,

(ग) कार्यक्रम व्यवस्थापन समितिले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद–७

## भुक्तानी प्रक्रिया तथा लेखापरिक्षण

१६. भुक्तानी प्रक्रिया:- (१) कार्यक्रम प्राप्त गर्ने सहकारी संघ/संस्थाहरुले स्वीकृत कार्ययोजनामा रहेर प्रचलित कानून बमोजिम खरिद सम्बन्धी कार्यसञ्चालन गर्नुपर्नेछ।

(२) संघ/संस्थाहरुले सम्झौतामा भएको कार्ययोजना अनुसार सक्कल बिल भरपाई र कार्य प्रगति विवरण संलग्न राखी भुक्तानी माग गर्नुपर्नेछ।

(३) सम्बन्धित संघ संस्थाबाट भुक्तानी माग भएपछि मन्त्रालयले कार्य प्रगतिको अनुगमन गरी कार्यसम्पन्न भएपश्चात् संघ/संस्थाहरुको बैंकखाता मार्फत भुक्तानी गर्नेछ।

(४) रकम भुक्तानी गर्दा कामको वित्तीय तथा भौतिक प्रगति विवरण सहितको स्थलगत अनुगमन प्रतिवेदन, सम्बन्धित प्राविधिकको निरीक्षण/प्राविधिक प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन, सम्बन्धित वडा कार्यालयको सिफारिस, कार्यालयमा पेश भएका भ्याट सहितको वील, भरपाई, सार्वजनिक सुनुवाईको अभिलेखको प्रतिलिपी, कार्यक्रम सञ्चालन सम्बन्धी तस्वीर लगायतका कागजात र बजेटको परिधिभित्र रही मन्त्रालयले नियमानुसार भुक्तानी गर्नुपर्नेछ।

(५) कार्यक्रम सञ्चालन भएको स्थलमा ५×३ फिटको जस्तापाताामा अनुसूचि ८ मा तोकिएको विबरण लेखिएको होर्डिङ्ग बोर्ड अनिवार्य रूपमा राख्नु पर्नेछ।

१७. लेखा तथा लेखापरीक्षण: (१) कार्यक्रमको लेखा सम्बन्धी अभिलेख मन्त्रालयले राख्नेछ।

(२) उपदफा (१) बमोजिम राखिएको लेखाको आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने जिम्मेवारी मन्त्रालयको हुनेछ।

(३) कार्यक्रम प्राप्त गरेका सहकारी संघ/संस्थाहरुले पनि वार्षिक लेखा परिक्षणमा मन्त्रालयबाट प्राप्त भएको बजेट तथा कार्यक्रम रकमको लेखापरिक्षण गराई मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद–८

## विविध

१८. साधारण सभालाई जानकारी गराउनु पर्ने: यस कार्यविधि बमोजिम आयोजना प्राप्त भए पछि संस्थाले लगत्तै बस्ने साधारण सभालाई सोको सम्पूर्ण विवरण सहितको जानकारी गराउनु पर्नेछ।

१९. प्रतिवेदन पठाउनु पर्ने: आयोजनाको प्रगति प्रतिवेदन सम्बन्धित संस्थाले नियमित रुपमा मन्त्रालयमा पेश गर्नुपर्नेछ।

२०. दुरुपयोग गर्न नहुने: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम उपलब्ध गराइने रकम दुरूपयोग, हिनामिना वा अन्य क्षेत्रमा प्रयोग गरेको प्रमाणित हुन आएमा मन्त्रालयले प्रचलित कानूनले तोके बमोजिम कारवाही प्रक्रिया अगाडि बढाउनेछ।

२१. संशोधन: मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

कृषि, भूमि व्यवस्था तथा सहकारी ... राप्ती उपत्यका (देउखुरी), नेपाल

प्रदेश सरकार

२०८१।१०।२२

मन्त्री

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

अनुसूची-१

(दफा ६ सँग सम्बन्धित)

<u>प्रस्ताव आह्वानको सूचना</u>

(प्रथम पटक प्रकाशन भएको मितिः.............................................)

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको लागि आ.व. ............... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **"उत्पादनमुलक, उपभोक्ता, श्रम, सेवामुलक सहकारी मार्फत नवप्रवर्तन कार्यक्रम र प्रविधिमा सहयोग कार्यक्रम"** सञ्चालनार्थ **"नवप्रवर्तन कार्यक्रम र प्रविधिमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१"** बमोजिम तोकिएका मापदण्ड पुगेका र कार्यक्रममा सहभागी हुन ईच्छुक सहकारी संघ/संस्थाहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सम्बन्धित जिल्ला स्थित कार्यालय (कृषि ज्ञान केन्द्र/ भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय) मा तोकिएको ढाँचामा आवश्यक कागजातहरु संलग्न गरी शिलवन्दी प्रस्ताव (व्यावसायिक योजना) पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

<u>प्रस्ताव साथ पेश गर्नुपर्ने कागजात</u>

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाको विनियमको प्रतिलिपि,

(ग) कोषोमिस प्रणालीमा प्रतिवेदन पेश गरेको समस्टिगत प्रतिवेदन,

(घ) पछिल्लो वार्षिक साधारण सभा समयमै सम्पन्न गरेको प्रमाण,

(ङ) पछिल्ला २ आर्थिक बर्षको वार्षिक लेखापरीक्षण प्रतिवेदन,

(च) लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन,

(छ) पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र,

(ज) सञ्चालक समितिबाट आयोजना प्रस्ताव स्वीकृत गरी कार्यक्रम माग गर्ने र अनुमोदनको लागि साधारण सभामा पेश गर्न गरिएको निर्णयको प्रतिलिपि,

(झ) सञ्चालक समितिका पदाधिकारीको नाम, ठेगाना र सम्पर्क टेलिफोन नम्बर खुलेको तीन पुस्ते विवरण,

(ञ) विगत आर्थिक वर्षमा कार्यक्रम प्राप्त गरी व्यवसाय सञ्चालन गरी रहेका संस्थाको हकमा व्यवसाय विस्तार तथा स्तरोन्नति योजना,

(ट) आयोजनाका लागि संस्थाको तर्फबाट परिचालन गरिने पुँजीको स्रोत खुलेको सुनिश्चितताको कागजात,

(ठ) अनुसूची- २ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्ने निवेदन,

(ड) अनुसूची- ३ बमोजिमको ढाँचामा आयोजना प्रस्ताव (व्यावसायिक योजना),

(ढ) अनुसूची- ४ बमोजिमको ढाँचामा प्रतिवद्धता पत्र,

(ण) अनुसूची- ५ बमोजिमको ढाँचामा स्वघोषणा-पत्र।

२०८१।१०।२२

सचिव

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

अनुसूची-२

(दफा ७ (१) सँग सम्बन्धित)

**प्रस्ताव पेश गर्ने निवेदनको ढाँचा**

श्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपाल

मार्फत्: कृषि ज्ञान केन्द्र/ भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय ................(जिल्ला)

विषयः- प्रस्ताव पेश गरिएको सम्बन्धमा।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट मिति .................मा.......................राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार **उत्पादनमुलक, उपभोक्ता, श्रम, सेवामुलक सहकारी मार्फत नवप्रवर्तन कार्यक्रम र प्रविधिमा सहयोग कार्यक्रमका** लागि प्रस्ताव आह्वान गरेकोमा यस.............................. संघ/संस्थाले ............. आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने गरी मिति .........,...... को साधारण सभा/सञ्चालक समितिले निर्णय गरेकाले सूचनामा तोकिएका कागजात संलग्न राखी अनुसूची-३ बमोजिमको व्यावसायिक योजना तथा अन्य संलग्न कागजात समेतका विवरण खुलाई यो प्रस्ताव पेश गरिएको छ।

...........................
प्रस्तावक हस्ताक्षर
नामः
पदः
ठेगाना :
सम्पर्क नं.:
संस्थाको छापः



सचिव

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

२०८१/१०/२२
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

अनुसूची-३

(दफा ७ (१) सँग सम्बन्धित)

**आयोजना प्रस्तावको ढाँचा (व्यावसायिक योजना)**

१. **संघ/संस्थाको विवरण:**

नाम:

ठेगाना :

जिल्ला:

गा.पा/न.पा.:

वडा नं. :

गाउँ/टोल:

दर्ता नं र मिति :

२. **प्रस्तावित आयोजनाको विवरण:**

नाम: आयोजनास्थल:

प्रदेश: जिल्ला:

गा.पा./न.पा. वडा नं.:

गाउँ/टोल :

३. **आयोजना प्रारम्भ हुने मिति:**

४. **आयोजना सम्पन्न हुने मिति:**

५. **प्रस्तावित आयोजनाको लागत:**

क. संस्थाले व्यहोर्ने रकम : रू. ....................................

ख. मन्त्रालयसँग माग गरिएको रकम : रू. ....................................

ग. कुल लागत: रू. ....................................

६. **संस्थाको लागत व्यहोर्ने स्रोत :**

क. शेयर रकमबाट रू. ....................

ख. जगेडा कोषबाट रू. ....................

७. यस अघि नेपाल सरकार वा अन्य निकायबाट वित्तीय सहयोग प्राप्त गरेको भए सोको विवरण खुलाउने

निकायको नाम:

वर्ष:

रकम रु:

प्रयोजन:



२०८१/१०/२२
सचिव

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

२०८१/१०/२२
मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

८. **समावेशिताको अवस्थाः**

| वर्गीकरण | संस्थामा सहभागिता | | | |
|---|---|---|---|---|
| | साधारण सदस्य | | सञ्चालक समिति | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| महिला | | | | |
| पुरुष | | | | |
| जम्मा | | | | |
| मधेसी/आदिवासी/जनजाती दलित समुदाय/अपाङ्गता भएका व्यक्ति | | | | |

९. **संस्थाको व्यावसायिक सेवामा सदस्य केन्द्रीयताः**

| विवरण | | हालको अवस्था (गत आ.व.को) | | आयोजना सञ्चालन भएपछिको अवस्था (अनुमानित) | |
|---|---|---|---|---|---|
| | | रू. हजार | प्रतिशत | रू. हजार | प्रतिशत |
| उत्पादित वस्तुको खरिद (वार्षिक) | सदस्यको उत्पादन खरिद | | | | |
| | गैरसदस्यको उत्पादन खरिद | | | | |
| जम्मा | | | | | |
| उत्पादन सामग्री र उपभोग्य वस्तुको बिक्री | सदस्यलाई | | | | |
| | गैर सदस्यलाई | | | | |
| जम्मा | | | | | |

१०. **रोजगारीको अवस्था (प्रस्तावित आयोजनासँग सम्बन्धित):**

| रोजगारी | हालको अवस्था | | | | आयोजना सञ्चालन भएपछि थप रोजगारी सृजना हुने अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सदस्य सङ्ख्या | गैरसदस्य | जम्मा | सदस्यको प्रतिशत | सदस्य सङ्ख्या | गैरसदस्य | जम्मा | सदस्यको प्रतिशत |



२०८१/१०/२२
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रत्यक्ष पूर्ण (वर्षमा २०८० घण्टा काम भए १ मानी संख्या जनाउने) | | | | | | | | |

११. प्रस्तावित आयोजनाको क्रियाकलाप र बजेट:

| क.सं. | आयोजना अन्तर्गत सञ्चालन गरिने क्रियाकलाप | ईकाई | परिमाण | दर | जम्मा अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१२. मुल्य श्रृंखला माथिल्लो क्रियाकलापः

१३. वातावरणीय सरोकारको सम्बोधनः

१४. स्थानीय श्रोत साधनको उपयोगः

१५. प्रस्तावित आयोजना दिगो र निरन्तर रुपमा सञ्चालन गर्नका लागि स्पष्ट आधारहरुः

१६. प्रस्तावित आयोजना सम्बन्धी संस्थाको अनुभवः

१७. आयोजनास्थलमा पूर्वाधारको स्थिति (√) चिन्ह लगाउनुहोस)

बिजुली ☐

पक्की सडक ☐

कच्ची सडक ☐

भवन, टहरा, सेड आफ्नै स्वामित्यमा भएको ☐

भवन, टहरा, सेड भाडा/लिजमा लिएको ☐

१८. कार्यालयको भौतिक स्थिति:

- आफ्नै भवन ☐
- भाडाको

घरमा(स्थानीय तहको

रोहवरमा कम्तिमा ५
वर्षको करारनामा
हुनुपर्ने)

- संस्थाको आफ्नै स्वामित्वमा रहेको जग्गाको विवरणः
  जग्गा रहेको गा.पा./न.पा...........वडा नं.......
  कित्ता नं.......
  जग्गाको क्षेत्रफल...........

१९. उत्पादित वस्तुको बजार सम्भावनाः

२०. अन्य कुनै कुरा भए खुलाउनेः ..............................................................................

प्रस्तावक हस्ताक्षर
नामः
पदः
ठेगाना :
सम्पर्क नं.:
संस्थाको छापः

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

सचिव

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

अनुसूची-४

(दफा ७ (२) सँग सम्बन्धित)

**प्रतिवद्धता-पत्रको ढाँचा**

श्रीमान सचिवज्यू

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय,

राप्ती उपत्यका (देउखुरी) नेपाल।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेशको मिति ............................... मा प्रकाशित सूचना अनुसार ............. कार्यक्रमका लागि इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि तोकिएको कार्य योजना सहितको प्रस्ताव/आवेदन पेश गरेको छु/छौं। उक्त कार्यक्रममा छनौंट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरी निरन्तरता दिनेछौं। कार्ययोजना अनुसारको कार्य नगरेमा वा तोकिएको अवधि भन्दा अगावै सो कार्य संचालन नगरेमा वा कार्यक्रम सम्पन्न पश्चात् सहयोग रकमको दुरुपयोग भएको प्रमाणित भएमा प्रचलित कानून बमोजिमको कारवाही सहन्छु/छौं। साथै प्रस्तावित कार्यहरूका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछौं।

**प्रतिवद्धता जाहेर गर्ने पदाधिकारी / सदस्यहरु**

| क्र.सं. | सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको नाम / थर | पद | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

इति सम्वत् २०.............गते ...................रोज ...............शुभम्।

संस्थाको छापः



सचिव

अनुसूची-५

(दफा ७ (२) सँग सम्बन्धित)

**स्वघोषणा-पत्रको ढाँचा**

श्रीमान सचिव ज्यू
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय,
राप्ती उपत्यका (देउखुरी) नेपाल।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेशको मिति .............................. मा प्रकाशित सूचना अनुसार ............. कार्यक्रमका लागि कार्यक्रम को व्यवस्था गरिए अनुसार उक्त कार्यक्रम प्राप्त गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको प्रस्ताव/आवेदन पेश गरेको छु/छौं। साथै हाल सम्म हाम्रो .............................. सहकारी संस्था लि.................................... कुनै पनि विवादमा नरहेको, कुनै पनि निकायमा कालोसूचिमा नपरेको र कुनै पनि सरकारी र सदस्यको रकम हिनामिना नगरेको स्वघोषणा गर्दछौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला। साथै प्रस्तावित कार्यहरूका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछौं।

सहकारीको नामः
पदः
ठेगानाः
दस्तखतः
मितिः
सहकारीको छापः

| क्र.सं. | सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको नाम / थर | पद | सम्पर्क नं. | हस्ताक्षार |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

इति सम्वत् २०.............गते ...................रोज ...............शुभम्।

श्री, लुम्बिनी प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

अनुसूची-७

(दफा १० सँग सम्बन्धित)

**सम्झौता-पत्र**

आर्थिक वर्ष .............. मा सञ्चालन हुने ....................... कार्यक्रमको लागि कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ... ... ... (यस पछी प्रथम पक्ष भनिने) र छनोट भएको ..........................सहकारी संघ/संस्था लि. ... ... ... ... ... ...... (यस पछी दोस्रो पक्ष भनिने) बीच मिति २० /..../.... गते तपसिलका शर्तनामाको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न सम्झौता गरी लियौं/दियौं।

**शर्तनामाः**

१. यसमा उल्लिखित शर्तहरु सम्झौता भएको मिति..................देखि .......................सम्म लागू हुनेछ।

२. दोस्रो पक्षले प्रस्तावित कार्यक्रम ........ जिल्ला ................................... गा.पा./न.पा. वडा नं ....... गाउँ/टोल...........मा सञ्चालन गर्नेछ।

३. यसै सम्झौतासँग संलग्न स्वीकृत कार्ययोजना बमोजिम दोस्रो पक्षले तोकिएको समयसिमाभित्र कार्यसम्पादन गर्नुपर्नेछ।

४. दोस्रो पक्षले कार्यसम्पादन गर्दा खरिदका क्रियाकलापहरु प्रचलित कानून बमोजिम गर्नुपर्नेछ।

५. कूल कार्यक्रम लागत रु. ... ... ... मध्ये प्रथम पक्षबाट कूल लागतको ५० प्रतिशत वा अधिकतम रकम रु. ... ... ... ... ... (अक्षरुपी रुपैंयाँ ... ... ... ... ... ... ... .. ...) मध्ये कम हुन आउने रकम दोस्रो पक्षलाई उपलब्ध गराइनेछ। यसरी उपलब्ध गराइने रकममा नियमानुसार कर कट्टी गरी बैंक खाता मार्फत भुक्तानी गरिनेछ। प्रथम पक्षबाट उपलब्ध गराइने रकम बाहेक कूल कार्यक्रम लागतमा बाँकी रकम दोस्रो पक्ष स्वयंले बेहोर्नु पर्नेछ।

६. दोस्रो पक्षले कार्यसम्पन्न भए पश्चात सम्पन्न भएको कामको बिल/भरपाई, जिन्सी सामग्री दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गर्नुपर्नेछ।

७. दोस्रो पक्षले भुक्तानी माग गरेपछी प्रथम पक्षले प्राविधिक तोकि कार्यको प्रगति अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि कार्य प्रगतिको आधारमा भुक्तानी गर्नेछ। कार्य सम्पन्न भई भुक्तानी भएमा सम्झौता बमोजिमका संरचना/सामग्रीहरू दोस्रो पक्षलाई स्वतः हस्तान्तरण हुनेछ।

८. प्रथम पक्षले कुनैपनि बखत सम्झौतानुसारको कार्य भए/नभएको अनुगमन गरी आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

९. द्विपक्षिय सम्झौता बमोजिमको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने छ र सुधार नदेखिए एक पक्षिय रूपमा सम्झौता भङ्ग गरी हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ।

१०. दोस्रोपक्षले कार्यक्रम सञ्चालन स्थलमा कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेख गरी तोकिएको ढाँचामा सबैले देख्ने स्थानमा होडिङ बोर्ड राख्नुपर्ने छ।

११. दोस्रो पक्षले कार्यक्रमको प्रगति प्रतिवेदन प्रथम पक्षलाई नियमित रुपमा उपलब्ध गराउनुपर्नेछ।

१२. कार्यसम्पन्न पश्चात आयोजना अन्तर्गत सञ्चालनमा ल्याइएका मेसिन, उपकरण, औजारको मर्मत सम्भार तथा व्यवस्थापन र अप्रत्यासित विपदबाट सिर्जित दायित्व र जिम्मेवारी दोस्रो पक्षको रहनेछ।

१३. सम्झौतामा उल्लेखित कुनै बुँदाहरू कार्यान्वयनमा दुबिधा उत्पन्न भई परिमार्जन गर्नु परेमा दुबै पक्षको आपसी समझदारीमा सम्झौताको अवधि नसकिदै गर्न सकिने छ। त्यसरी परिमार्जन गर्दा कार्यक्रम सञ्चालन स्थान र कार्यालयको रकम परिवर्तन गर्न पाईने छैन।

*नोटः मन्त्रालयले सम्झौताका बुँदाहरू आवश्यकता अनुसार थप गर्न सक्नेछ।*

| | |
|---|---|
| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
| नामः | नामः |

पदः
दस्तखतः
मितिः
कार्यालयको छाप
**रोहवर**
नामः
पदः
दस्तखतः
मितिः

पदः
दस्तखतः
मितिः
संस्थाको छापः
**रोहवर**
नामः
पदः
दस्तखतः
मितिः

इतिसम्वत् ...... ... ...... साल ...... ... महिना ...... गते रोज ...... शुभम्।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
लुम्बिनी प्रदेश सरकार
राप्ती उपत्यका (देउखुरी), नेपाल

अनुसूची-८

(दफा १६ (५) सँग सम्बन्धित)

**आयोजनाको सूचना पाटीको नमूना**

१.आयोजनाको नाम :

२.आयोजना सञ्चालन गर्ने मन्त्रालय/कार्यालयको नामः

३.आयोजनाको उद्देश्यः

४.संस्थाको अध्यक्ष/सञ्चालकको नाम र सम्पर्क नं. :

५.आयोजनाको कुल लागत रकम रूः

(क) आयोजनामा मन्त्रालय/कार्यालयबाट व्यहोर्ने लागत रकम रू :

(ख) संस्थाबाट व्यहोर्ने लागत रकम रू :

६.आयोजना सम्झौता मितिः

७.आयोजना सम्पन्न गर्ने मितिः

८.आयोजनाबाट लाभान्वित जनसङ्ख्याः

९.आयोजनाका प्रमुख कार्यहरु वा प्रमुख संरचनाको परिमाण वा संख्याः

सचिव